# आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम

**तिला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**डुण्डेली, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

## गाउँसभाको बैठकमा २०७९ साल असार ३० गते बिहिवार उपाध्यक्ष

## श्री गोरिकला बुढा ज्यूबाट प्रस्तुत भएको

# आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम

**तिला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**२०७९।०३।३०**

**सम्मानित गाउँसभाका अध्यक्ष ज्यू,**

**तथा गाउँसभाका सदस्य ज्यूहरु ।**

"समृद्द समतामुलक सुन्दर भूमि तिला,
जैविक कृषि, पर्यटन र पूर्वाधारको आधारशिला"
भन्ने मुल नाराका साथ आज हामी नियमित बजेट अधिवेशन संचालन गर्न गइरहदा यो राष्ट्रको राष्ट्रियताका लागि, प्रजातन्त्र प्राप्ति, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, सामाजिक न्याय, लोकतन्त्र, संघिय लोकतान्त्रीक गणतन्त्र र संघियता प्राप्तीका लागि १९९७ साल, २००७ साल, २०४६ साल, २०६२ र २०७२ सालको जनआन्दोलन र १२ बर्षे जनयुद्दमा आफ्नो अमुल्य जिवन वलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछु । यस क्रममा घाइते, वेपत्ता , अपाङगता भएका नागरीक सामाजिक न्याय प्राप्ति र परिवर्तनका आन्दोलनमा सहभागी भइ योगदान गर्नुहुने सम्पूर्ण योद्दाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

यसरी दुई दशक सम्म रिक्त रहेको स्थानीय निकायमा नेपालको संविधान जारी भइसके पछि,संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार तिन तहको सरकार अन्तर्गत पहिलो चरणको स्थानीय तहको निर्वाचन पछि स्थापित यस तिला गाउँपालिकाको सम्मानित गाउँसभामा विगत ५ आर्थिक बर्षमा प्रस्तुत निती, कार्यक्रम तथा बजेटले अंगीकार गरेको मार्ग दर्शन तथा थप नयाँ नीति तथा कार्यक्रम अनुसार यो पालिकाको विकास निर्माण लगायत समाज परिवर्तन र समृद्दिको लागि गरीएको परिकल्पनालाइ पूर्णता दिन र अधुरा सपनालाइ पुरा गर्न, तिला गाउँपालिकाको सुनौलो भाग्य र भविष्यको मार्गचित्र कोर्नको लागि आगामी आ.व. २०७ ९।०८० को कार्यक्रम तथा आयोजनहरुको वजेट यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गर्भानुभूति भएको छ ।

यस तिला गाउँपालिकालाई समृद्द, समुन्नत बनाउन थुप्रै चुनौतिहरु रहेका छन् । संक्रमणकालीन स्थानीय तह संचालन गर्ने क्रममा भन्ने आम नागरिकको अपेक्षाहरू अनुपेक्षित हुनु स्वभाविक नै थियो र जनअपेक्षा अनुसार कतिपय कार्य आर्थिक श्रोत,

मानवीय श्रोत, संरचना, ऐन कानून लगायतको अभावमा कतिपय कार्य नहुनु र गर्न नसक्नु पनि स्वभाविक थियो तर पनि समुदायलाइ सजिलै अवगत हुन सकेन। यस्तो परिस्थितीमा स्थानीय सरकारलाई आफ्नो क्षेत्रको शासन आफैं गर्ने, आफ्नो क्षेत्रको विकास आफैं गर्ने तथा आफूलाई आवश्यक पर्ने कानून आफैंले तयार गर्ने प्राप्त अधिकारहरुलाई संस्थागत गर्दै बामे सर्दै आउने क्रममा केही अनुभव प्राप्त गरी थप व्यवस्थित गर्दै गाउँपालिकाबासीहरुको अपेक्षा अनुरुप गाउँपालिकाले सेवा प्रवाह गर्न, विकास निर्माण गर्न, घरदैलोमा सरकारको उपस्थितिको प्रत्याभुति गराउने काम गरीरहेको छ। तथापी थुप्रै अपुगता र अभाव भने खड्कीरहेकै छ।यस्तो अपुगता र अभावको भूमरीको बीचमा चुनौतीको पहाड शिरमा बोकेर तिला गाउँपालिकालाई समृद्द, समुन्नत बनाउन तिला बासी जनताको विकास प्रतिको आशाको दियो जगाइ राख्न, तिला सरकार प्रति भरोशाको पिलर बनाइ राख्न आज हामी यस गरिमामय सम्मानित गाउँसभामा उपस्थित भएका छौं। यस तिला गाउँपालिकाको बजेट तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८ र ९, संघीय सरकारको नीति तथा कार्यक्रम, कर्णाली प्रदेश सरकारको निती तथा कार्यक्रमला ई समेत हृदयंगम गर्दै संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान, बिशेष अनुदान, समपुरक अनुदान, शसर्त अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त अनुदान, आन्तरीक श्रोत लगायतको श्रोतमा आधारित भएर नेपाल सरकारले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिवद्वताहरु, दिगो विकास लक्ष्य, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विभिन्न आदेश, निर्देशन तथा परिपत्रहरु, स्थानीय तहको अधिकार तथा कार्य विस्तृतिकरण, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, तिला गाउँपालिकाको आवधिक योजना २०७५, गाउँपालिकाको रणनितिक योजना २०७५, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्त्रण सम्बन्धी निर्देशिका २०७८, अन्य प्रचलित वि द्यमान ऐन कानूनहरु, बिभिन्न विषयगत मन्त्रालयहरु, कार्यालयहरु, संघसंस्थाहरु बाट प्राप्त मार्ग निर्देशन, सुझाव तथा अपेक्षा,

बिभिन्न बिज्ञ, समितिहरुका राय, सल्लाह तथा सुझावहरु, स्थानीय राजनीतिक दल तथा आमनागरिकहरुको सुझाव, आम तिलाबासीको अपेक्षा समेतलाई हृदयङ्गम गरी यस सम्मानित गाउँसभामा आ. व. २०७९/०८० को बजेट तथा कार्यक्रम सम्मानित गाउँसभामा प्रस्तुत गरेको छु ।

सम्मानित गाउँसभाका सदस्य ज्यूहरु,

अब म यस गरिमामय गाउँसभा समक्ष तिला गाउँपालिकाले आ व २०७९।०८० को आय-व्यव विवरण पेश गर्ने अनुमति चाहन्छु ।

संघ र प्रदेश सरकारबाट प्राप्त रकम

१. संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त रकम रु ७ करोड ८८ लाख ३६ हजार विनियोजन गरेको छु ।
२. संघीय सरकार समानिकरण अनुदान तर्फ रु १० करोड ५६ लाख रकम विनियोजन गरेको छु।
३. संघीय सरकार शसर्त अनुदान तर्फ रु १८ करोड ७९ लाख विनियोजन गरेको छु ।
४. संघीय सरकार विशेष अनुदान तर्फ रु ४ करोड ८० लाख रकमलाई तपसिलका योजनाहरुमा बजेट विनियोजन गरेको छु ।
    - मानेचौर मा वि भवन तथा शौचालय निर्माण ५८ लाख
    - श्री सेतिवाडा मावि भवन निर्माण ६२ लाख
    - ज्योति मा वि रासा मालापानी पक्की भवन निर्माण १ करोड
    - देउराली मा वि जुम्लाकोट ८ कोठे पक्की भवन निर्माण १ करोड
    - श्री सरस्वती मा वि कुडारी ८ कोठे भवन निर्माण १ करोड
    - देउराली आ वि पुरु ६ कोठे भवन निर्माण ६० लाख

५. संघीय सरकार समपूरक अनुदान तर्फ रु ३ करोड २२ लाख र गाउँपालिका समानिकरण अनुदानबाट व्यवस्था हुने गरी रु ३ करोड २२ लाख रकम तपसिलका योजनाहरुमा विनियोजन गरेको छु।

- गाउँपालिका भवन निर्माणको लागि रु १ करोड ८० लाख।
- तलिचौर देखी लासी सम्म तटबन्धन निर्माणको लागि रु २ करोड।
- धोडा ज्युला देखी गाडापारी सिंचाई कुलो निर्माणको लागि रु १ करोड।
- नुवाकोट सोलार लिफ्ट ईरिगेसनको लागि रु १ करोड ६४ लाख।

६. वित्तिय समानिकरण प्रदेश सरकारबाट प्राप्त अनुदान रु १ करोड ६ लाख ३२ हजार विनियोजन गरेको छु।

७. प्रदेश सरकार शसर्त अनुदान तर्फ रु २ करोड १३ लाख २० हजार रकम विनियोजन गरेको छु।

८. प्रदेश सरकार विशेष अनुदान घोडेसिम खानेपानी योजनाको लागि रु ५१ लाख ७ हजार रकम विनियोजन गरेको छु ।

९. प्रदेश सरकार समपूरक अनुदान तर्फ रु १ करोड ७० लाख १८ हजार र गाउँपालिकाको समानिकरण रकम तपसिलका योजनाहरुमा विनियोजन गरेको छु।

- राँसा देखी नदैगुफा सम्म सडक निर्माणको लागि रु ९९ लाख ८४ हजार।
- लाटीका थान देखी लर्मी गाउँ सडक निर्माणको लागि रु १ करोड ४१ लाख ५२ हजार।
- कुडारी बजार देखी डुङ्ग्री सम्म सडक स्तरउन्नती को लागि रु ९९ लाख।

१०. प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ रु ३ लाख ३१ हजार ३ सय ३१ रकम विनियोजन गरेको छु।

११. आन्तरिक श्रोत गत वर्षको अल्या सहित रु ६ करोड रकम विनियोजन गरेको छु।

१२. आन्तरिक राजश्व तर्फ रु २४ लाख रकम अनुमान गरेको छु।

कुल जम्मा रु ५६ करोड ९३ लाख ४४ हजार ३ सय ३१ रकम विनियोजन गरेको छु।

यसपछि गत आ व का सम्पन्न हुन  बाँकी  योजनाहरु र चालु आ व को विषयगत तथा वडागत आयोजनाहरुमा निम्नानुसार वजेट विनियोजन गरेको छु ।

तिला खोला साना जलविद्युत आयोजनाको गत आ व को भुक्तानी दिन रु १ करोड ५१ लाख ५७ हजार मध्ये तपसिल योजनामा भुक्तानीको लागि।

१ विद्युत मेशिन खरिद रु ६५ लाख।

२ पेन स्टक पाईप खरिद रु ५६ लाख ५७ हजार।

३ तिला खोला जलविद्युत आयोजनाका विभिन्न योजनामा भुक्तानी दिन रु ३० लाख।

विभिन्न कार्यक्रम तथा योजना संचालनका लागि म्याचिङ्ग फन्ड    र अन्य आयोजना कार्यक्रम र प्रविधि खरिदका लागि रु १ करोड ३१ लाख ४३ हजार।

१ देखी ९ वटा वडा भित्रका विभिन्न आयोजना संचालनका लागि रु ४ करोड।

तिलावासीका नागरिकहरुसँग अध्यक्ष तथा उपाध्यक्ष कार्यक्रम संचालन गर्नका लागि रु १ करोड ३५ लाख।

विषयगत शाखाहरुका लागि तपसिलका रकम बजेट विनियोजन गरेको छु।

**१** मानव संसाधन तथा संस्थागत रु १० लाख।

**२** पशु सेवा विकासको लागि रु १५ लाख।

**३** नापी शाखा रु २ लाख।

४ खानेपानी शाखा रु २ लाख।

**५** सहकारी शाखा रु ५ लाख।

**६** स्वास्थ्य शाखा रु २५ लाख।

**७** शिक्षा शाखा रु २५ लाख।

८ कृषि शाखा रु १९ लाख।

९ न्यायीक समिति रु ६ लाख।

**१०** महिला तथा बालबालिका रु १५ लाख।

**११** वन तथा वातावरण रु २ लाख।

**१२** विपद् व्यवस्थापन रु ५ लाख।

**१३** पोषण शाखा रु १० लाख।

**१४** लक्षित वर्ग रु १६ लाख।

**१५** योजना शाखा रु ४ लाख।

**१६** प्राविधिक शाखा रु ३ लाख ५० हजार।

**१७** सूचनाको लागि रु १ लाख ५० हजार

**१८** महोत्सवको लागि रु ४ लाख।

**१९** पञ्जिकरण शाखा रु ६ लाख ५० हजार।

**२०** पत्रकार महासंघको लागि रु ३० हजार।

**२१** भौतिक पूर्वाधार मर्मत संभार कोषको लागि रु ५२ लाख ८० हजार।

**२२** कर्मचारी तलब भत्ता रु १ करोड ७८ लाख।

**२३** लघु उद्यम विकास शाखाको लागि रु २ लाख।

**२४** व्यवसायीक श्रृण असुलीका लागि रु २ लाख।

**२५** ECD सहजकर्ता र विद्यालय कर्मचारीहरुको अपुग तलब भत्ता रु १९ लाख १७ हजार ५ सय।

**२६** आपतकालीन कार्यसंचालन केन्द्रको लागि १ लाख ५० हजार।

**२७** गरिब सँग विश्वेशर कार्यक्रम रु १ लाख ५० हजार।

यो बजेट तथा कार्यक्रमले तिला गाउँ पालिकाको भाग्य भविश्य निर्माण गर्ने मार्गचित्र तयार गर्न मद्दत पुग्नेछ र तिलाको समृद्दी र दिगो विकासको लागि कोसेढुङगा सावित हुनेछ भन्ने पुर्ण विस्वास लिएको छु। यसरी बजेट तथा कार्यक्रम प्रस्तुतको तहमा सहयोग गर्नु हुने सम्पुर्ण कार्यापालिकाको टोली, जनप्रतिनी धी, कर्मचारी, राजनीतिक दल, नागरीक समाज, पत्रकार समस्तमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद**